म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १७५ मंगलबार, २२ माघ २०८१ ने. सं. ११४५ सिल्लाथ्व 4 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गढीमा बाघको आशंकापछि प्राविधिकको गस्ती

हेटौंडा, २१ माघ/मकवानपुरगढी गाउँपालिका-५ सोलिथुम, नयाँगाउँ र लिंगेडाँडा आसपासको क्षेत्रमा बाघ देखापरेको आशंका भएपछि डिभिजन वन कार्यालय मकवानपुरको प्राविधिक टोली र जनप्रतिनिधि गस्तीमा छन् ।

विगत १५ दिन अघि यो क्षेत्रमा बाख्रा मरेको अवस्थामा भेटिएको जनगुनासो प्राप्त भएपछि आइतबार जनप्रतिनिधि र डिभिजन वन कार्यालयको प्राविधिकटोलीले हतियार सहितको संयुक्त गस्ती गरेको डिभिजन वन कार्यालय मकवानपुरका सूचना अधिकारी दीपक अधिकारीले बताए । गस्ती गर्दा अधिकारीले बाघको पाइला नभेटिएको अन्य कुनै प्रमाण फेला नपारिएको यद्यपि सतर्क रहन स्थानीयलाई अनुरोध गरिएको बताएका छन् ।

### बागमती प्रदेशसभाको ७ वर्ष

# ८४ कानुन निर्माण, पाँच मुख्यमन्त्री बन्दा ८९ मन्त्री भए

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ बागमती प्रदेशसभा गठन भएको ७ वर्ष भइसकेको छ । २०७४ मंसिरमा सम्पन्न निर्वाचन पश्चात् संविधानको धारा १७५ बमोजिम साबिकको प्रदेश-३ को ११० सदस्यीय प्रदेशसभा गठन भएको थियो ।

प्रदेशसभाको पहिलो बैठक तत्कालीन प्रदेशप्रमुख अनुराधा कोइरालाले २०७४ माघ १८ मा आह्वान गरेकी थिइन् । ज्येष्ठ सदस्यको रुपमा नेकपा एमालेका सांसद डोरमणि पौडेलको अध्यक्षतामा प्रदेशसभाको पहिलो बैठक सञ्चालन भएको थियो । प्रदेशको नामाकरण गर्न नसकेर लामा समय बिना नाम चलाइयो । संघीयता कार्यान्वयनको ७ वर्षको अवधिमा बागमती प्रदेशसभाले ८४ वटा कानुन निर्माण गरेको छ । यो अवधिमा प्रदेशसभा सचिवालयमा दर्ता भएका ९१ विधेयकमध्ये ८४ वटा पारित भएको छ ।

पारित भएको ८४ वटामध्ये ८२ वटा विधेयक प्रदेशप्रमुखबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएको छ भने २ विधेयक फिर्ता भएको छ । प्रदेशसभाको ७ वर्षको अवधिमा बनेका मूलविधेयक ६४ वटा छन् भने १८ वटा चाहिँ संशोधन विधेयक छन् । ६४ मूल विधेयकमध्ये १६ वटा सालबसाली विधेयक प्रदेशसभाबाट पारित भएको छ । सात वर्षको अवधिमा प्रदेश सरकारले १४ वटा अध्यादेश जारी गरेकोमा प्रदेशसभा बैठकबाट ९ वटा अध्यादेशको प्रतिस्थापन विधेयक पारित भएको छ । ५ वटा अध्यादेश भने प्रतिस्थापन विधेयक ल्याउन नसक्दा निष्क्रिय भएका छन् ।

प्रदेशसभाको दोस्रो कार्यकाल कानुन निर्माणमा निकै सुस्त देखिएको छ । सरकार फेर बदलका कारण प्रदेशसभाले विधेयक निर्माणमा गति लिन नसकेको हो । दोस्रो कार्यकालअन्तर्गत २०७९ पुस १८ मा प्रदेशसभाको पहिलो बैठक सञ्चालन भएको थियो । त्यस यता प्रदेशसभाको ४ वटा अधिवेशन सञ्चालन भएको छ । यस अवधिमा १२ वटा विधेयक पारित भएको छ । प्रदेशसभाबाट पारित १२ विधेयकमध्ये प्रदेशप्रमुखबाट १० वटा प्रमाणीकरण भएको छ । २ वटा विधेयक प्रदेशसभामा पुनर्विचारका लागि फिर्ता पठाइएको छ ।

यो अवधिमा प्रदेशसभाबाट ८ वटा मूल ऐनसम्बन्धी विधेयक र २ वटा संशोधन विधेयक पारित भएको हो । प्रदेशसभाबाट २ वटा सालबसाली विधेयक पारित भई कार्यान्वयनमा आएका छन् ।

**७ वर्षमा ५ मुख्यमन्त्री, ८९ मन्त्री**

देशमा संघीयता कार्यान्वयन पछि भएको २ वटा आमनिर्वाचनबाट बागमती प्रदेशमा ५ जनाको नेतृत्वमा सरकार गठन भएको छ । यो अवधिमा प्रदेशले ८९ जना मन्त्री पाएको छ ।

२०७४ मा सम्पन्न प्रदेशसभा निर्वाचनपछि बागमती प्रदेशले ३ मुख्यमन्त्री र ३९ मन्त्री पाएको थियो भने दोस्रो कार्यकालमा मुख्यमन्त्री २ र मन्त्री ५० जना पाएको छ । २०७४ माघ २८ मा बागमती प्रदेश सरकारको नेतृत्व एमालेका डोरमणि पौडेलले सम्हालेका थिए । उनले प्रदेशमा ७ मन्त्रालय कायम गरेर ४३ महिना (३ वर्ष ७ महिना) सरकार सञ्चालन गरेका थिए ।

यो अवधिमा उनले एमालेका ५ र माओवादी केन्द्रका २ जना मन्त्री बनाएका थिए । सुरुमा नेकपा (एमाले-माओवादी केन्द्रको एकतापछि बनेको दल) बाट मुख्यमन्त्री बनेका पौडेलले नेकपाको सरकार रहँदा ८२ सांसदको समर्थन पाएका थिए । ४३ महिना सरकारको नेतृत्व गरेका पौडेलले २०७७ फागुनमा माओवादी केन्द्रको समर्थन गुमाएका थिए । नेकपाबाट माओवादी केन्द्र र एमालेको साथ छुटेपछि भने उनले एमालेका ५९ जना सांसदको मात्र साथ पाए ।

पौडेल नेतृत्वको सरकार गठन हुँदा एमालेकै केशव स्थापित भौतिक पूर्वाधार विकासमन्त्री बनेका थिए भने नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका थिए । २०७४ फागुन १६ गते मुख्यमन्त्री पौडेलले मन्त्रिपरिषद् विस्तार गर्दै सरकारमा कैलाश ढुंगेललाई आर्थिक मामिला तथा योजनामन्त्री, अरुण नेपाललाई उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री, दावादोर्जे लामालाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, युवराज दुलाल 'शरद'लाई सामाजिक विकासमन्त्री नियुक्त गरे ।

२०७४ फागुन १६ गते मन्त्री नियुक्त भएका स्थापित २०७५ कात्तिक १६ गते बर्खास्त भए भने २०७६ माघ १६ गते पौडेलले पुन: मन्त्रिपरिषद् विस्तार गरेर रामेश्वर फुयाँललाई भौतिक पूर्वाधार विकासमन्त्री बनाए । नेकपाको खारेजीसँगै एमाले र माओवादी केन्द्र बनेपछि २०७८ वैशाख १५ मा पौडेलले फेरि मन्त्रिपरिषद् पुनर्गठन गरे । आन्तरिक मामिला तथा कानुनमन्त्री केशवराज पाण्डे, उद्योग पर्यटन वन तथा वातावरणमन्त्री सरेश नेपाल र सामाजिक विकास मन्त्रीमा सरस्वती बस्नेत नियुक्त भए । त्यतिबेला डा. रामकुमार अधिकारी राज्यमन्त्री बनेका थिए ।

राजनीतिक कोर्स परिवर्तन पछि पौडेलले २०७८ भदौ २ मा मुख्यमन्त्री पदबाट राजीनामा दिए । त्यसपछि एमालेकै अष्टलक्ष्मी शाक्यले केही समय प्रदेश सरकारको नेतृत्व गरिन् । २०७८ भदौ २ मा एमाले विभाजन भएकै दिन पौडेलले एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई सत्ता हस्तान्तरण गरे । शाक्यको क्याबिनेटमा कृष्णप्रसाद खनाल छोटो समय सामाजिक विकासमन्त्री बने । शाक्यको कार्यकालमा राज्यमन्त्री सहित ११ जनाले मन्त्री बन्ने मौका पाए ।

२०७८ भदौ २३ गते मुख्यमन्त्री शाक्यले विस्तार गरको मन्त्रिपरिषद्मा केशवराज पाण्डे, अजयक्रान्ति शाक्य, रचना खड्का, विजय सुवेदी, प्रदीपकुमार कटुवाल, शान्तिप्रसाद पौडेल, चन्द्र लामासहित सात मन्त्री र जुनेलीमाया श्रेष्ठ, जीवन खड्का, सरस्वती वाटी, बद्री मैनालीसहित ४ जना राज्यमन्त्री बने । शाक्य मुख्यमन्त्री बनेकै दिन एमाले फुटेपछि एमाले प्रदेशसभामा ४४ सांसदमा सीमित भयो । शाक्यको सरकार अल्पमतमा पर्‍यो । करिब ६९ दिन सरकारको नेतृत्व गरेकी शाक्यले विश्वासको मत लिन सक्ने अवस्था नभएपछि राजीनामा दिइन् ।

शाक्य नेतृत्वको सरकार ढलेपछि नेकपा एकीकृत समाजवादीका राजेन्द्र पाण्डे मुख्यमन्त्री बने । २०७८ कात्तिक १० मा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थनमा सरकार मा दाबी गरेका पाण्डे कात्तिक ११ गते ५९ सांसदको समर्थनसहित मुख्यमन्त्री बने । उनको १४ महिने कार्यकालमा १४ मन्त्रालय कायम भयो भने १८ मन्त्री नियुक्त भएका थिए ।

मुख्यमन्त्री पाण्डेले आफू नियुक्त भएकै दिन २०७८ कात्तिक ११ मा कृष्णप्रसाद खनाल, कुमारी मोक्तान र कृष्णलाल भँडेललाई मन्त्री बनाए । त्यसपछि उनले २ पटक मन्त्री थप गर्दा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल, घनश्याम दाहाल, रत्नप्रसाद ढकाल, विशाल खड्का, एकीकृत समाजवादीका बसन्तप्रसाद मानन्धर, बसुन्धरा हुमागाई, कांग्रेसका बलराम पौडेल, मिलनबाबु श्रेष्ठ, दीपेन्द्र श्रेष्ठ, नीमा लामाले अवसर पाए । एकीकृत समाजवादीकी इन्द्रमाया गुरुङ, कांग्रेसका सन्तबहादुर प्रजा, रजनी अमात्य जोन्छे र कल्पना नेपालीलाई राज्यमन्त्री नियुक्त गरिएको थियो ।

संघीयता कार्यान्वयन पछिको दोस्रो आमनिर्वाचनको १९ महिना अवधिमा बागमती प्रदेशले ५० जना मन्त्री पाइसकेको छ । १९ महिनामा २ वटा सरकार गठन हुँदा ५० जना मन्त्री बनिसकेका छन् । प्रदेशसभाको दोस्रो कार्यकालको सुरुवातमा माओवादी केन्द्रका जम्कट्टेल मुख्यमन्त्री बने । उनले ३ पटक प्रदेशसभाबाट विश्वासको मत लिनु परेको थियो । राजनीतिक घटनाक्रम परिवर्तनसँगै ३ वटा राजनीतिक समीकरणबाट उनले सरकार सञ्चालन गरे । उनको कार्यकालमा जम्मा ३६ जना मन्त्री बने ।

# हेटौंडामा फागुन ९-१० राष्ट्रिय नवसर्जक उत्सव




साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ हेटौंडामा दोस्रो राष्ट्रिय नवसर्जक उत्सव तथा प्रथम अधिवेशन हुने भएको छ । देशभरका युवायुवती, किशोरकिशोरी एवम् हेटौंडा उपमहानगरपालिकाभित्रका विद्यालय तहका बालबालिकाको सहभागितामा आगामी फागुन ९ र १० गते उत्सव हुने आयोजक नवसर्जक साहित्य चौतारी नेपालले सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो ।

उत्सवमार्फत् बागमती प्रदेशको विगतदेखिको पहिचानलाई थप नयाँ उचाइमा पुर्‍याई नवसर्जक उत्पादन गर्ने, हेटौंडालाई साहित्यिक पर्यटनको केन्द्र बनाउने तथा पठन र लेखन संस्कृतिको विकास गर्ने प्रमुख उद्देश्य रहेको आयोजक संस्थाका संस्थापक दीपक गौतमले जानकारी दिए । उत्सवको पहिलो दिन ९ गते मुक्तक, गजल, लोकलयका कविता, गद्य कविता, कथा, नाटक, निबन्धलेखन र चित्रकला लगायत विभिन्न ८ विधामा सिर्जनात्मक लेखन कार्यशाला हुने र दोस्रो दिन १० गते बहस, स्रष्टा सम्मान, राष्ट्रव्यापी गजल प्रतियोगिता तथा रचनावाचन हुने गौतमले बताए ।

हेटौंडा उपमहानगर पालिका-४ वडा कार्यालय तथा भुटनदेवी माध्यमिक विद्यालयको मुख्य आर्थिक व्यवस्थापनमा सम्पन्न हुने उत्सवमा नवसर्जकलाई विभिन्न विधामा सम्मान र पुरस्कार वितरण गरिनेछ । राष्ट्रव्यापी नवसर्जक गजल प्रतियोगितामा उत्कृष्ट ३ जनालाई नगद ७ हजार र ७ प्रदेशका ७ नवसर्जक प्रतिभालाई ७ हजार ७ सय ७७ रुपैयाँ राशीको सम्मान तथा एकजना अग्रज बालसाहित्य सर्जक वा अभियन्तालाई १५ हजार ५ सय ५५ रुपैयाँ नगद राशीले सम्मान गरीने बताइएको छ ।

संस्थाले यसअघि २०७७ जेठ २८ गते पहिलो राष्ट्रिय बालउत्सवको आयोजना गरेको थियो । हेटौंडामा केन्द्रीय कार्यालय रहेको यस संस्थाले स्थापनाको ४ वर्षमा १ सय ५० भन्दा बढी राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका बालकवि गोष्ठीको आयोजना गरि सकेको छ । यस्तै संस्थाले हालसम्म दजनौं नवसर्जकलाई प्रादेशिक र राष्ट्रिय पुरस्कार दिलाउनुंका साथै दर्जनबढी नवसर्जकको कृतिप्रकाशन गरेको छ ।

पत्रकार सम्मेलनमा हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देल, संस्थाका केन्द्रीय सल्लाहकार तथा पुरस्कार संस्थापक रमेशमोहन अधिकारी, विष्णु न्यौपाने, अर्चना दाहाल, संस्थाकी उपाध्यक्ष कृतिका लौडारी लगायतको उपस्थिति थियो ।

# जेनिथमा ५१ जना बालबालिकाले गरे भर्ना




साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ विद्याकी देवी सरस्वतीको पूजा गर्दै सोमबार श्रीपञ्चमी मनाइएको छ । आजको दिन विद्यार्थीले कापी, कलम र वाद्ययन्त्र आदिको पूजा गर्ने गर्दछन् ।

उमेर पुगेका बाल बालिकालाई आजकै दिन अक्षरारम्भ गराउने प्रचलन रहेको छ । विद्यालयमा प्ले ग्रुपबाटै विद्यार्थी भर्ना गरी अक्षरारम्भ गर्ने गरिन्छ । हेटौंडा-५ पिप्लेमा अवस्थित जेनिथ माध्यमिक विद्यालयमा सोमबार ५१ जना बालबालिकाले अक्षरारम्भसँगै भर्ना गरेका छन् । विहान सरस्वतीमाताको पूजाआजासँगै सुरु भएको अक्षरारम्भ कार्यक्रम दिनभर सञ्चालन रह्यो । यसवर्ष ५१ जना बालबालिका भर्ना भएको विद्यालयका प्रशासन अधिकृत सुमन्त सिलवालले बताए ।

प्ले ग्रुपदेखि माध्यमिक तह र उच्चमाध्यमिक तहसम्म अध्ययन हुने जेनिथमा हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका, भीमफेदी गाउँपालिका क्षेत्रका विद्यार्थी अध्ययन गर्दै आएका छन् । विद्यालयका अध्यक्ष रमिता पाण्डेको अध्यक्षतामा सुरु भएको अक्षरारम्भ कार्यक्रममा विद्यालयका प्रिन्सिपल श्रीबहादुर कार्की, संगीत शिक्षक आकाश खड्का, प्रशासन अधिकृत सुमन्त सिलवाललगायतको उपस्थिति रहेको थियो । सोही अवसरमा खड्काद्वारा निर्मित जेनिथ विद्यालयको गीत सार्वजनिक गरिएको थियो ।

# वनको रखवाला नै हकवाला हुनुपर्नेमा सरोकारवालाको जोड



साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ जैविकविविधता रणनीति तथा कार्ययोजना र वन निर्देशनालयले तयार पारेको प्रदेश राष्ट्रिय वन नियमावलि माथि हेटौंडामा छलफल गरिएको छ ।

नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम युएनडिपीको प्राविधिक सहयोग, समुदायमा आधारित वन सहजकर्ता सञ्जाल नेपाल कफसनको समन्वयमा वन निर्देशनालय बागमती प्रदेशको आयोजनामा छलफल गरिएको हो । नेपालको जैविक विविधता रणनीति तथा कार्ययोजना निर्माणका लागि सम्बन्धित निकायका प्रतिनिधिसँग सुझाव लिने उद्देश्यले अन्तरक्रिया गरिएको हो ।

कार्यक्रममा जैविक विविधता संरक्षणको अवस्था, चुनौती लगायत विषयमा छलफल भएको थियो । कार्यक्रममा बोल्दै प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गंगादत्त नेपालले सामुदायिक वनपैदावारको उपयोग बढाउनुपर्ने बताउँदै रखवाला नै हकवाला हुने धारणा राखे । स्थानीय तहले पनि सामुदायिक वनको संरक्षणका लागि छुट्टै युनिट बनाउनुपर्नेमा उनको जोड थियो । जिल्ला समन्वय समिति प्रमुख ललितबहादुर घलानले जैविक विविधता संरक्षणका साथै उपयोग पनि गर्न आवश्यक रहेको बताए ।

पछिल्लो समय बन्यजन्तु र मानवबीचको द्वन्द्वको उदाहरण दिदै जैविकविविधता संरक्षणले नकारात्मक प्रभाव पनि पारिर हेकोतर्फ सचेत हुनुपर्नेमा उनको जोड थियो ।

वन निर्देशनालयका प्रदेश वन निर्देशक विद्यानाथ झाको अध्यक्षतामा भएको कार्यक्रममा वनविज्ञ पूर्वसचिव डाक्टर कृष्णचन्द्र पौडेल, गैसस बागमती प्रदेशका अध्यक्ष कमलकुमार विश्वकर्मा लगायतको उपस्थिति थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बागमती-मधेश सहकार्य

संघ र प्रदेशबीचको सहकार्य दिगो, प्रभावकारी र शसक्त बनाउन अन्तर प्रदेश समन्वयको प्रयास भएको छ । अन्तरप्रदेश व्यापार व्यवसाय प्रवर्द्धन गर्न दुई प्रदेश जोड्ने राजमार्ग निर्माणकार्यले विशेष भूमिका निर्वाह गर्छ । भौतिक निर्माणको सवालसँगै सामाजिक विकासमा पनि ध्यान दिनु जरुरी छ । सडक सञ्जाल सशक्त भएपछि स्थानीय उतपादनले बजार पाउने, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतको विकासमा सडकले टेवा दिन्छ । भौतिक निर्माण नै नहुँदा विकासको अन्य पाटाहरु ओझेलमा परिरहेका छन् । विकासको लागि पनि सबैभन्दा पहिलो मेरुदण्ड कै रुपमा सडकलाई लिने गरिएको छ । विकास निर्माणका विषयमा सीमाक्षेत्र सबैभन्दा जटिल बनिरहेको हुन्छ । सीमाक्षेत्रका स्थानीय तह र प्रदेश सरकारबीच समन्वय हुन नसक्दा नागरिकले कष्ट भोग्न बाध्य छन् । यही समस्याको शिकार बनेका छन्, बागमती प्रदेशको हरिहरपुरगढी र मरिन गाउँपालिका । बागमती प्रदेशको सिन्धुली र मधेश प्रदेशको सर्लाही जोड्ने सडक निर्माण नहुँदा यो क्षेत्रका नागरिक अझै पनि समस्या भोग्न बाध्य छन् ।

सडकको ट्र्याक छ तर, यात्राको लागि भरपर्दो छैन । दुरीको हिसाबले सर्लाहीको हरिवनबाट १० किलोमिटर उत्तरतर्फ रहेको धिमिले, १३ किलोमिटर दुरीमा रहेको क्यानेश्वर क्षेत्र अत्यन्त विकट देखिन्छ । क्यान खोलामा पक्की पुल छ तर, उत्तर तर्फ रहेको मदन भण्डारी राजमार्गबाट त्यहाँसम्मको पहुँचमार्ग निकै जीर्ण छ । सडक पूर्वाधार उचित नहुँदा चुरे पहाडको फेदीमा रहेको क्यानेश्वर र सीमाको गाउँ धिमिलेका नागरिकले बिरामी पर्दा एम्बुलेन्स सेवासमेत पाउँदैनन् । कोही कसैलाई समस्या परिहाल्यो भने खहरेको बाटो हुँदै मरिनबाट हेटौंडा वा धिमिलेबाट हरिवन पुऱ्याउनु पर्छ । क्यानेश्वरमा रहेको स्वास्थ्यचौकीले थेग्नसके जीवनरक्षा हुन्छ, अन्यथा भगवान् भरोसामा बस्नुको विकल्प छैन । यसैले पनि सडक सञ्जालको विकास विशेष प्राथमिकतामा पर्ने गरेको स्थानीय तहका जनप्रतिनिधि दाबी गर्छन् । स्थानयि क्षेत्रको विकासमा त सहजै समस्या सुल्झल्छन्, अन्तर प्रदेशको सीमानामा विकासको लागि एकअर्कोको बाटो हेर्दै समय वित्ने गरेको छ । बागमती प्रदेश सरकार र मधेश प्रदेश सरकारले हरिवन-क्यानेश्वर सडक निर्माणमा तदारुकता देखाएका छन् । संविधानको व्यवस्था अनुसार विकास निर्माणमा समन्वय र सहकार्य गर्ने गरी दुई प्रदेश सरकारले अग्रसरता देखाएका हुन् । पूर्वपश्चिम राजमार्गको हरिवनबाट मदनभण्डारी राजमार्गको मरिन जोड्ने गरी करिब ३० किलोमिटर सडक निर्माणमा दुई प्रदेश सरकार सहकार्य गर्न तयार देखिएका छन् । अन्तरप्रदेश मात्रै हैन यो सडक नेपालको छिमेकी राष्ट्र चीन र भारतलाई जोड्ने छोटो मार्गको रुपमा विकास गर्न सकिने गरी सम्भाव्यता अध्ययनको थालनी गर्न दुई प्रदेश सरकार अघि बढेका छन् ।

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले र मधेश प्रदेशका अर्थमन्त्री सुनिल यादवले यो सडकको स्थलगत अवलोकन गरेका छन् । आगामी आर्थिक वर्षमा बजेट व्यवस्था गर्ने गरी हरिवन-मरिन जोड्ने सडक निर्माण तथा स्तरोन्नतिको काम गर्ने उनीहरुको भनाई छ । दुबै प्रदेशका मन्त्रीले संयुक्तरुपमा सडकको अवलोकन गर्दै मधेश प्रदेशको पूर्वपश्चिम राजमार्ग र बागमती प्रदेशको मदन भण्डारी राजमार्गलाई जोड्ने सडक सञ्जाल विस्तारको आवश्यक छलफल तथा सहकार्यसहित सम्झौता गर्ने बताइएको छ । सर्लाहीको विष्णु गाउँपालिका हुँदै हरिवनदेखि धिमिले क्यानेश्वरबाट सिन्धुलीको मरिन गाउँपालिकासम्म जोड्ने सडकलाई व्यवस्थित र स्तरोन्नतिको तयारी भएको हो । दुवै प्रदेशलाई जोड्ने छोटो दुरीको सडक सञ्जाल विस्तारको काम अघि बढाइने भएको छ । यो विषयमा दुई सरकारबीच औपचारिकरुपमा छलफल गरेर अघि बढ्ने गरी भौगोलिक अवस्थितिको अवलोकन गरिएको हो । यो सडकखण्डलाई विस्तार गर्न सके बागमती प्रदेश हुँदै भारत र चीनलाई समेत जोड्न सकिने अवस्था देखिएको छ । मधेश प्रदेशको सर्लाहीको हरिवनदेखि बागमती प्रदेशको सिन्धुलीको मरिनसम्म करिब ३० किलोमिटर सडकलाई स्तरोन्नति गरेर जोड्न सकिएको खण्डमा दुबै प्रदेशका जनताले लाभ लिने अवस्था रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ २३ गते बुधबार ५ फेब्रुअरी २०२५ । अष्टमी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५०, सूर्यास्त ५:४६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यको अवसर मिल्नेछ |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# संविधानको दुरुपयोग र संशोधनको मुद्दा



✍बालकृष्ण मैनाली

संविधानसभाले वर्तमान संविधानलाई पारित गर्दा जनजनमा जुन उत्साह र खुशीयाली छाएको थियो, आजको दिनसम्म आइपुग्दा सो उत्साह र खुशीयाली सबै हराएर गइसकेको कुरामा अब सन्देह रहेन । विभिन्न दिवसहरुमध्ये प्रत्येक वर्ष मनाइने नाममात्रको संविधान दिवसको पनि अब अर्थ रहेन भन्न थालेका छन् अधिकांश जनहरु । विभिन्न दिवसहरुको अवसर पारेर अहिले पनि पूर्वराष्ट्रपतिहरुदेखि लिएर वर्तमान राष्ट्रपतिसम्म, पूर्वप्रधानमन्त्रीदेखि वर्तमान प्रधानमन्त्रीसम्म, तत्कालीन संविधानसभाका सदस्यहरुदेखि वर्तमान संसद् सदस्यहरुसम्म, त्यसै गरी पूर्वप्रधानन्यायाधीशदेखि वर्तमान प्रधान न्यायाधीशसम्म, सँगसँगै कानुनका विद्यार्थीलगायत वकिलहरुसम्मले दिवसको पूर्वसन्ध्यादेखि दिवसको दिनसम्म आ-आफ्ना भावना साटफेर गर्ने काम गर्छन् तर सदैव संविधानको मर्मलाई आत्मसात् गर्नचाहिँ सदैव पछि हट्ने गर्छन् ।

वर्तमान दलका नेतृत्वहरुमा संविधानका धाराहरुको दुरुपयोग कसले गर्ने भनेर प्रतिस्पर्धा हुन्छ । यही यथार्थताले देशलाई गाँजिरहेको धेरै वर्ष भइसकेको छ । जनहितको विषय र जनहितको सवाललाई लिएर दलीय नेताहरुको मन कहिल्यै रोएन । भर्खरै शहीद दिवस मनाइएको छ । शहीदहरुका सपनाहरु जनकल्याणप्रति समर्पित रहेको भए तापनि त्यो सपनाले कहिल्यै साकार रुप लिन सकेन । दिवंगत शहीदहरुले यिनै सत्ताधारीहरुलाई सत्तामा पुऱ्याउन आफ्नो जीवनको आहुती दिए, तिनै शहीदहरुको सपनामा सदैव खेलबाड गर्ने काम भइरह्यो ।

वर्तमान अवस्थालाई नियाल्दा प्रत्येक सत्ताधारीहरुका मनमा यदि इमानदार र क्षमता भएकाहरुले देशको नेतृत्व सम्हाले भने आफ्नो र आफू वरिपरिबाट भएका गलत क्रियाकलापहरुको भण्डाफोर हुने भएकोले जसरी भए पनि आफू सत्तामा रहिरहनको लागि थरी-थरीका भ्रम छर्न लालायित देखिइरहेको कुरामा विमति छैन । आफ्नै दलका इमानदार कार्यकर्ताका भावनाहरुलाई रद्दीको टोकरीमा फाल्न नहिच्किचाउने नेतृत्व वर्गले संविधान संशोधनको मुद्दा उठाएर यदि संशोधनको वातावरण बनिहाल्यो भने आफ्नो हित हुनेदेखिबाहेक जनहितमा संविधान संशोधन हुने कुरामा जनजनले परिकल्पना पनि गरेका छैनन् । भएका संविधानका महत्वपूर्ण धाराहरुलाई सहीरुपमा कार्यान्वयन गर्न असफल देखिएकाहरुले संविधान संशोधनको कुरा उठाउनु हास्यास्पदबाहेक अरु केही होइन । संविधानमा व्यवस्थित गरिएका धाराहरुको मूल मर्मलाई मात्र आत्मसात् गरी कार्यान्वयनको दिशामा अगाडि बढाउनुभन्दा पनि आफूलाई अनुकूल हुने किसिमले संवैधानिक धाराहरुको व्याख्या गर्दै संविधानका धाराहरु प्रयोग हुन पुगेको कुरा स्पष्ट छ । यी कुरालाई प्रत्यक्ष, अप्रत्यक्षरुपमा सम्बन्धित पुराना दलहरुका कार्यकर्ताले स्वीकार गर्दै आएका छन् ।

संविधानलाई शासन सञ्चालनको महत्वपूर्ण औजार मानिन्छ । समुच्च संविधान देश सञ्चालनको मूल औजार नै हो भने संविधानका प्रत्येक धाराहरु सहयोगी औजारहरु हुन् । प्रत्येक धाराहरु क्रियाशील र सही अर्थमा कार्यान्वयन हुन पुगे भने देश शिखरमा चुम्न कतै समय लाग्दैन । संविधान, नियम र कानुनको परिधिभित्र रहेर छोटो समयमा तरक्की गरेका देशहरु उदाहरणको रुपमा बग्रेल्ती छन् तर हाम्रो देशमा संविधानले अंगिकार गरेका र संविधानका धाराहरुमा व्यक्त गरिएका शब्द तथा बाक्यहरुका बारेमा गुणगान गाउन कहिल्यै नथाक्ने सत्तासीनहरुको चरित्रलाई दृष्टिगत गर्दा लाजले पनि आफ्नो शिर निहुँऱ्याएको सत्तासीनहरुलाई बोध हुन पनि छाडिसकेको छ । संविधानलाई आ-आफ्नो राजनीतिक स्वार्थ अनुरुप प्रयोग गर्ने सम्बन्धमा प्रतिस्पर्धा नै चल्न थालेको छ । संविधानका धाराहरूले अवलम्बन गरेका लक्ष्यहरुको प्राप्तिमा तगारो उत्पन्न भएर बसेको दशकौं बितिसक्दा पनि वर्तमानका युवापुस्ताहरुले टुलुटुलु हेरेर बसेको देख्दाचाहिँ बाँचिरहेका पुराना पुस्ताहरु आश्चर्यचकित भएका छन् ।

संविधानमा व्यवस्था गरिएका धाराहरुमध्ये राज्यलाई सञ्चालन गर्ने विभिन्न सञ्चालकहरुका कार्यविधिलगायत उनीहरुका पदावधि वा उनीहरुले पाउने सुविधाहरु ती सबै गौण विषय हुन् । देशको संविधानमार्फत राज्यका नागरिकहरु कसरी लाभान्वित हुन्छन् ? के कुरामा बढी ध्यान केन्द्रित गर्नुपर्ने हो ? भन्ने विषयलाई प्राथमिकतामा राखी शासन सञ्चालन गरिनुपर्दथ्यो । विडम्बना नै मान्नुपर्दछ, अझै पनि राज्य सञ्चालकहरुको आँखा यो विषयमा खुल्नै सकेको छैन । प्रत्येक वर्ष मनाइने राज्यका महत्वपूर्ण दिवसहरुमा देखावटीरुपमा संविधानको धाराहरुलाई क्रियाशील गर्दै वक्तव्यबाजीको बाढीले जनजन आजित भैसकेका छन् ।

देशमा संवैधानिक क्षेप्यास्त्रको पटक-पटक दुरुपयोग हुन पुगेको लामो फेहरिस्त बनिसकेको छ । यो क्रम अझसम्म पनि जारी नै छ । झन् वर्तमानमा आएर त यस किसिमको कार्यले सीमा नै नाघिसकेको छ भन्दा पनि हुन्छ । वास्तवमा जस्तोसुकै संविधान ल्याए तापनि संविधान आफैंमा कहिल्यै खराब हुँदैन । संविधानलाई प्रयोग गर्ने प्रयोगकर्ताहरुको कारणले संविधान असल र खराब देखिने हो । एकातिर खान पाइन र रोजगारी पाइन भन्दै विदेश जाने युवाहरुको लर्कोले देश रित्तिँदै छ । गाउँ सबै रित्तिसकेका छन् । खेतबारी बाँझो हुन पुगेका छन् । स्वदेशको फलफूल, तरकारी देशवासीले उपभोग गरेर बाहिर निर्यात गरी आम्दानी भित्र्याउनुपर्ने हाम्रो जस्तो कृषिप्रधान देश, विदेशमा विषादी मिसिएको तरकारी र फलफूल खान बाध्य पारिएको अवस्था विद्यमान छ । विदेशमा गएकाहरु पनि कतिपय युवाहरु दलालको फन्दामा परी ठगिएर स्वदेश फर्कन राज्यलाई हारगुहार गरिरहेका छन् ।

त्यस्तै द्वन्द्वबाट विस्थापित भएका पीडितहरु, सम्साँझै जहाँकहीं बलात्कारमा परेका पीडितहरु, संसार नै देख्न नपाई हत्या गरिएका बेवारिसे शिशुहरुका हितका बारेमा बोलेर नथाक्ने वर्तमान सरकारका प्रतिनिधिहरुलाई संविधानको प्रस्तावनादेखि लिएर धारा १६ देखि ३२ सम्मले कति गिज्याइरहेका होलान् र कति कुरीकुरी भनिरहेका होलान् ? राजनीतिक व्यवसायीहरुलाई त्यसको न त कुनै चिन्ता छ, न त कुनै पर्वाह । संसद्मा प्रतिनिधित्व गरेका हरेकलाई संविधानमा उल्लिखित मानवअधिकारका कुन-कुन धाराहरु समावेश छन् ? भनेर प्रश्न गर्ने हो भने कति सांसदले जनताका अगाडि उभिएर यो धारादेखि यो धारासम्म संविधानले मानवअधिकारका सवालहरुलाई सुनिश्चित गर्ने अभिभारा लिएको छ, हामी त्यसमा लागिपरेका छौं भनेर प्रमाणसहित दलिल पेस गर्न र वकालत गर्न सक्छन् ? कतिले आजको दिनसम्म हामीले मानवअधिकारका यी-यी धाराहरुलाई सम्बोधन गर्न समर्थ भयौं, अब यी-यी धाराहरु बाँकी छन् भनेर भन्न सक्छन् ? कण्ठ गरेर होइन, संविधानको किताबै हेरेर भन्न दिने हो भने पनि धेरै सांसदहरुले मुख लुकाउनुपर्ने अवस्था छ । बेला-बेलामा लेखेको कुरा पनि भन्नलाई कन्नै पर्ने सांसदहरुका फुटेजहरुले यी कुराहरुलाई प्रमाणित गरिदिइसकेका छन् । वास्तवमा समावेशीको अर्थ आफ्नो मन पर्ने वा नातेदार वा आफन्त छान्ने होइन, समावेशीको नाउँमा सक्षम समावेशी छानिएर संसद्मा प्रतिनिधित्व हुनुपर्दथ्यो । यो मामिलामा पनि राज्यको नेतृत्व चुकेको छ

नीति नियमलाई धितो बन्धक राखेर वा आफ्नो अभीष्ट रुचि पूरा गर्न जस्तोसुकै कार्य गर्न छुट पाइरहेका विशेष गरी पुराना राजनीतिक व्यवसायीहरुका लागि प्रत्येक वर्ष आउने विभिन्न दिवसहरु मागिखाने भाँडोमा परिणत हुन पुगेका छन् । विभिन्न दिवसहरु पञ्चायतकालमा पनि मनाइन्थ्यो, त्यति बेला तीस वर्षदेखि राज्य सञ्चालन गरिरहेकाहरुविरुद्ध वर्तमानका नेताहरुले नै पञ्चायतकालीन संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउने गर्थे । विडम्बना, आज संघीयता संविधान जारी भएको यतिका वर्ष पुग्दा पनि संघीयताअन्तर्गतको संविधान अनुरुप सार्थक सम्बोधन हुन नसकेको विषयमा सत्ताधारीहरुको मनमा ठेस र क्लेसले छोएको अनुभूति गर्न सकिएको छैन । सत्तापक्षीय राजनीतिक व्यवसायीहरुचाहिँ कसरी लामो अवधिसम्म जनतालाई मूर्ख बनाई संवैधानिक दुहाई दिँदै, आफ्नो पुरानो भोट बैंक कायम राख्दै थप बैंक भोट बढाउनेप्रति आफना विचार केन्द्रित गर्ने र प्रतिपक्षीहरु पनि सकेसम्म आफ्नो भोट बैंक कायम राख्ने सवालमा सत्तापक्षीय राजनीतिक व्यवसायीहरुले जे-जे गरे पनि विरोधको नाउँमा विरोधदेखि बाहेक थप संविधानमा उल्लिखित मानवअधिकारको लागि आफ्नो धर्म निभाएको अनुभूति कसैले पनि गर्ने गरेका छैनन् ।

जुन बेलादेखि जनताको मतबाट आफूलाई शासक ठान्ने राजनीतिक व्यवसायीहरु द्रव्यमोहमा स्खलित हुन पुगे, त्यति वेलादेखि देश ओरालो गतिमा लाग्न थालेको हो । जानी नजानी भएका अर्थात् विगतमा आफ्ना स्वार्थवश नै भए पनि भए/गरिएका विकासहरुको संरक्षण त परै जाओस्, त्यति बेला व्यवस्थित गरिएका आधारस्तम्भसमेत राजनीतिक व्यवसायीहरुका रुचिका लागि भत्काइएको प्रत्यक्ष उदाहरण धेरै ठाउँमा देखिएको छ । वास्तविकता बुझिसकेका, जेलनेल-हन्डर खाएर खरोरुपमा उत्रेका राजनीतिक नेतृत्वहरुसमेत राजनीतिक व्यवसायीमा परिणत हुन पुगी यो वा त्यो नाउँमा द्रव्यमोहमा डुबुल्की लगाउने कार्यलाई निरन्तरता दिँदै आइरहेको तथ्यलाई नियाल्दा देशले परिवर्तनको काँचुली कहिलेसम्म फेरिसक्छ भनेर अनुमान गर्नु कल्पनाभन्दा बाहिरको विषय हुन पुगेको छ ।

जनमतको लागि यो विषय गम्भीर भएर देखा परिरहेको अवस्थालाई इमानदार युवा कार्यकर्ताहरुले बेलैमा सम्बोधन गर्न अग्रसर हुनै पर्दछ । अन्यथा त्यसपछिका पुस्ताहरु झन् समस्यामा पर्ने निश्चित छ । यदि संविधान संशोधन गर्ने हो भने स्थानीय तहलाई अझ बढी अधिकार प्रदान गरी प्रदेश खारेजीलगायत निर्वाचनमा उम्मेदवारी दिनेहरुको सम्बन्धमा न्यूनतम शैक्षिक योग्यता राखिनै पर्दछ । त्यसको साथसाथै उम्मेदवार दर्ता गर्दा नै आफ्नो सम्पत्ति सार्वजनिक गर्ने व्यवस्था हुनै पर्दछ र विजयी बनेपछि निभाउनुपर्ने भूमिका र तोकिएको भूमिका ननिभाएको अवस्थामा फिर्ता बोलाउन पाउने कुराको संशोधनमामार्फत सम्बोधन गरिन सके सुनमाथि सुगन्ध नै हुन्छ । पक्कै पनि वर्तमान संविधानलाई नै निरन्तरता दिनु उपयुक्त हुने कुरामा धेरै जनमत रहेको छ । हुन त गहकिलो संवादमार्फत ठोस निर्णयमा पुग्न अल्छी गर्ने हाम्रा राजनीतिक व्यवसायीहरु, संवैधानिक बुँदाको प्रयोगमार्फत श्रीमती, छोरी, श्रीमान्लगायत आ-आफ्ना नजिकका व्यक्तिका नामहरु कोटको खल्तीबाट झिक्दै यो वा त्यो नामको कोटाबाट सांसद्लगायत विभिन्न पद र ओहदाहरु प्रदान गर्नमा किञ्चित लज्जा महसुस नगर्ने नेताहरुबाट सकारात्मक परिवर्तनको आशा गर्नु नै बेकार छ भन्छन् जनजन ।

*(साभार: न्यूज अफ नेपाल)*

# अध्यादेशको छायाँमा विधायिकी सरोगेसीको घातक खेल

✍डा. तोसिमा कार्की

नेपालको संविधानको धारा ११४ मा संसद् अधिवेशन सञ्चालन नभएको बेलामा देशमा विशेष परिस्थिति सिर्जना भएमा, सरकारलाई कुनै कार्य गर्दा तत्काल निर्णय गरी कार्यान्वयन गर्न संसद् बैठक बोलाउन समय लाग्ने र संसद्ले बनाउनुपर्ने कानुन नबनाएको अवस्थामा तथा उक्त कानुन बन्न समय लाग्ने अवस्थामा अध्यादेश जारी गर्न सकिने व्यवस्था छ । यस्ता कुनै पनि परिस्थिति नआएको खण्डमा पनि अध्यादेश मार्फत कानुन जारी गर्नु र विधायिकाको अधिकारमाथि हस्तक्षेप गर्नु शक्ति पृथकीकरणको सिद्धान्त विपरीत हो । हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन समेत भन्ने गरिन्छ जुन सामान्यत: पुस पहिलो हप्ताबाट सुरु हुने प्रचलन हो ।रु विपक्षी दलहरूले बारम्बार संसद् अधिवेशनको लागि आग्रह गर्दा समेत माघ महिना सकिन लाग्दा मात्र संसद् बैठक आह्वान गरिएको छ ।

यता अधिवेशन सुरु गर्न मनोमानी ढंगले ढिलाइ गर्ने अनि उता संसद् आह्वान गरिएपछि समेत दुई साता पनि पर्खिन नसकिने हतारो सरकारले देखाएको छ । ठूलै आपतविपत वा संकट आइपरे जस्तो गरी सरकारको सिफारिसमा राष्ट्रपतिबाट राता-रात एकपछि अर्को अध्यादेशहरूरु जारी गरिएको छ । संसद्मा हुने जनप्रतिनिधिहरूको सैद्धान्तिक छलफल तथा दफावार छलफल र संशोधन प्रक्रियालाई नै छलेर यसरी अध्यादेश ल्याउनुलाई कसरी बुझिदिनुपर्ने हो ? यो सरकारको काम गर्ने हतारो हो कि अधिनायकवाद ?

प्रश्न अध्यादेशको औचित्य माथि मात्र कि दुईतिहाइ गठबन्धनकै औचित्यमाथि ? जारी गरिएका अध्यादेशहरू सम्बन्धमा विभिन्न कोणबाट टीकाटिप्पणी हुने गरेका छन् । यी ठूला भनिएका पुराना दलहरूलाई के आपत् आइलागेछ कि वन फाँडेर, भूमि मासेर, सार्वजनिक जग्गाहरूको दोहन गरेर आफ्ना कार्यकर्तालाई जग्गा नै बाँड्नुपर्ने किसिमको अध्यादेश ल्याउनुपर्ने भन्ने किसिमका प्रश्नहरू तेर्सिएका छन् । हेर्न बाँकी छ, यो दुईतिहाइको गठबन्धनले ल्याएको अध्यादेशको बाढीले नदी र तटबन्धन बचाउँछ कि देश नै बगाउँछ? के साँच्चै सरकारले नेपालको सार्वजनिक जग्गाहरू आ-आफ्ना दलका कार्यकर्ताहरूलाई बाँड्न लागेको हो? यसको सही जवाफ कि त सरकारले मात्रै दिन सक्छ कि त भविष्यले नै बताउला ! तर जसरी जुन बाटोबाट जस्ता विषयहरूमा सरकारले कानुन बनाउँदैछ त्यसले सरकारको नियतमाथि प्रशस्त शंका गर्ने ठाउँ दिएको छ ।

**विधायिकी प्रक्रियामा अवरोध**

दुनियाँमा कहिलेकाहीं श्रीमतीको प्रजनन् स्वास्थ्य खराब भएको बेलामा पुरुषले अनुमति लिएर सरोगेट महिलाबाट सन्तान हासिल गर्ने चलन छ । त्यसरी नै हाम्रो संविधानले अध्यादेश जारी गर्ने अधिकार सरकारलाई दिएको छ । यसलाई एक महत्वपूर्ण उपकरणको रूपमा सामान्यतया संकटको बेला तत्काल आवश्यकता परेको अवस्थामा मात्रै विवेकपूर्ण तरिकाले सावधानीपूर्वक प्रयोग गरिनुपर्छ । तर, यो सरकारले अधिवेशनलाई छलेर, नियमित विधायिकी प्रक्रियालाई कुल्चेर अध्यादेशहरू जारी गरेको छ । यसले जनताको प्रतिनिधित्व गर्ने संसद्को आवाजलाई कुण्ठित गरेको छ । संसद्मा घनीभूत छलफल र बहस गरेर कानुन बनाउने अवसरलाई सरकारको यो कदमले खोसेको छ ।

नेपालको संविधान, २०७२ जारी भएपछि विभिन्न संघीय ऐनहरू तर्जुमा गर्नुपर्ने कार्यभार संघीय संसद्लाई छ । सरकारले उक्त ऐनहरू तर्जुमा गर्न संसद्लाई व्यवसाय दिनुपर्नेमा त्यसो नगरी अध्यादेशको माध्यमबाट राज्य सञ्चालन गर्न खोजेको देखिन्छ । सरकारले संसद् अधिवेशन आह्वान नगरी अध्यादेशको बाटो अवलम्बन गर्नुपर्ने बाध्यता के हो ? अध्यादेश जारी गर्दा सरकारको नियत के हो ? संसदीय अभ्यासलाई मिचेर सरकारले शासन गर्न खोजेको हो ? जस्ता प्रतिनिधिमूलक प्रश्नहरू सिर्जना भएका छन् ।

**अपारदर्शिता र जवाफदेहिता**

अँध्यारो कोठामा सरकारले यी पाँच अध्यादेशहरूलाई जन्माएको छ । पर्याप्त छलफल नगरी, सरोकारवालाहरूको राय नलिई जारी गरिएका छन् । सरकारको यो कदमले संसद्को कानुन निर्माणको प्रक्रियामा जनताको स्वामित्वलाई घटाएको छ । जनतामा यसले घोर निराशा र अविश्वास सृजना गरेको छ । वास्तवमा यी अध्यादेश त्यस्ता ध्वान्द्रे पर्खालहरू भएका छन् जसका छिद्रहरू प्रयोग गरेर सत्तासीन स्नोलीगस्टरहरूले शक्ति दुरूपयोगको ढोका सजिलैसँग खोल्न सक्ने संभावना छ ।

अध्यादेशले ऐनको मान्यता प्राप्त गर्नको लागि संसद् खुलेको पहिलो दिनमा सम्बन्धित मन्त्रीद्वारा संसद्मा पेश गरिनुपर्ने र ६० दिनभित्र दुवै सदनबाट पारित हुनुपर्ने व्यवस्था छ । त्यसो नभएको खण्डमा सो अध्यादेश स्वत: मर्छ वा खारेज हुन्छ । तर त्यस अवधिभित्र गरिएका काम कारबाहीले सधैंभरि कानुनी मान्यता पाउने गर्दछ । रु यसरी सरकारले नियतवश अध्यादेशहरू जारी गर्ने, सीमित समयको लागि केही सीमित समूहको स्वार्थ पूरा गर्नका लागि प्रयोग गर्ने तर प्रतिस्थापन विधेयक लैजान आनाकानी र ढिलाइ गर्ने गरेको प्रतिवेदनले देखाएको छ ।

यो चरित्र त बिल्कुल विधायिकी सरोगेसीको घातक खेल जस्तो भएन र ? अध्यादेश ल्याउनु भनेको लोग्नेले श्रीमती माइत गएको मौका छोपी अर्कै महिलासँग सम्भोग गरी बच्चा जन्माउनु जस्तै हो जुन बच्चालाई केही समयपछि त्यो परिवारले कानुनी हैसियत पनि दिन्छ र त्यो बच्चा वैध बन्छ । तर नियतवश यसो गर्नाले त्यो घरपरिवारको वंश बलियो हुँदैन । त्यसरी ल्याइएका अध्यादेशहरूले पनि हाम्रो संसद्को गरिमालाई गर्तमा पुऱ्याउँछ । यसले जनताको आवाजलाई निमोठ्छ । यसले विधिको शासनलाई चुनौती दिने गर्छ । तसर्थ अध्यादेश दुईधारे हतियार हो जो विशेष आवश्यकता परेको खण्डमा तत्काल ल्याइन्छ र काम गरिन्छ । तर, यसको गलत प्रयोगले लोकतान्त्रिक प्रक्रियामा नै चोट पुऱ्याउन सक्छ । लोकतन्त्रको जगलाई नै हल्लाउन सक्छ यसले ।

शासकीय स्वार्थ र सुविधाको मनसायले अध्यादेशको अधिकार दुरुपयोग गर्नुहुँदैन । राजनीतिक दलहरूको आन्तरिक व्यवस्थापन, शासकीय कार्यशैली तथा सीमित स्वार्थले अध्यादेशको खास मर्म र भावनामाथि प्रहार गरेको छ । विभिन्न समयमा संसद्को अधिवेशन छलेर अध्यादेश जारी गरिएका धेरै उदाहरण छन् । संवैधानिक परिषद् सम्बन्धी अध्यादेश, राजनीतिक दल सम्बन्धी अध्यादेश जस्ता दुराशयका साथ जारी गरिएका अध्यादेशका उदाहरण हुन् । वर्तमान सरकार दुईतिहाइ बहुमतको सरकार हो । संसद्मा पेश गरिएका कुनै पनि विधेयकहरू स्वाभाविक रूपमा पारित हुने अवस्था छ । यस्तो सहज परिस्थितिमा समेत छोटो अवधिमा ६ वटा अध्यादेश ल्याउनु र त्यसमा ३२ वटासम्म ऐनहरूमा संशोधन एकैपटक ल्याउनु भनेको सरकारले अध्यादेश मार्फत शासन गर्न खोजेको जस्तो देखिन्छ जुन कानुनी शासनको विपरीत हुन जान्छ । जननिर्वाचित सरकारले बारम्बार अध्यादेश जारी गर्ने विषय प्रजातान्त्रिक मूल्य मान्यता विपरीत हुन्छ । अध्यादेशले दीर्घकालीन असर पार्ने विषयलाई सम्बोधन गर्नुहुँदैन । यसले राजनीतिक प्रणालीलाई जीवन्त बनाउनुपर्छ, न कि यसको दुरुपयोगले संवैधानिक जटिलता सिर्जना गरोस् । संसदीय समितिहरूमा थुप्रै विधेयकमा दफाबार छलफल टुङ्गो लागेर प्रतिवेदनहरू संसद्मा पेश हुन र ऐनको रूप लिन पालो कुरिरहेका छन् । यस्तो अवस्थामा सरकारले संसद् नचलाएर लगालग पुस १४ मा सहकारी सम्बन्धी अध्यादेश, पुस मसान्तमा सार्वजनिक सेवा लगायत चार वटा विधेयकहरू अध्यादेश मार्फत ल्याएको छ भने माघ २ गते अति संवेदनशील भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न अध्यादेश जारी गरेको छ ।

सरकार अविच्छिन्न उत्तराधिकारी संस्था हो, तर फरक-फरक समयमा आउने नेतृत्वको स्वभाव र चरित्रले सरकारको स्वभाव र चरित्र फरक पार्न सक्छ । अहिले सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी ओलीको चरित्रको छायाँमा सम्पूर्ण सरकारको गतिविधि हेर्ने हो भने झन् शंकास्पद देखिन्छ । विगतमा प्रधानमन्त्री ओलीले संसद् विघटनका पटक-पटक प्रयास गरे वा संसदीय भूमिकामा आफ्नो व्यक्तिगत उपस्थितिको ग्राफले संसद्लाई खासै चासो नदिएको देखिन्छ । प्रधानमन्त्री ओलीकै नेतृत्वमा आएको अध्यादेश संयोग मात्र हो भन्ने प्रश्न पनि उठ्छ । अर्कोतर्फ, नेपाली कांग्रेस आफूलाई लोकतन्त्रको सबैभन्दा ठूलो संरक्षक भन्छ, तर अध्यादेश प्रक्रियामा कांग्रेसको निर्णय, सहभागिता पनि उत्तिकै देखिन्छ । यसमा के स्वार्थ र के समीकरणले काम गरिरहेको छ भन्ने अर्को गम्भीर प्रश्न छ ।

सरकारले अध्यादेश ल्याउनु पूर्ण रूपमा गैरकानुनी हो भन्ने मेरो दाबी होइन । तर संसद् छल्ने नियतले ल्याएको अध्यादेशले शंका गर्ने ठाउँ दिएको छ । सत्ता पक्षले संविधानको धारा ११४ मा व्यवस्था भएकाले अध्यादेश आएको दाबी गर्छ । तर धारा १०९-११३ प्रयोग गर्नुपर्ने, गर्न सकिने सहज अवस्था हुँदाहुँदै किन अपवादको धारा ११४ प्रयोग गरिएको ? कानुनी अभ्यासले पनि कुनै पनि धारा यस दफा क्रम संख्याको आधारमा अगाडि आउने दफा वा धाराले प्राथमिकता पाउने प्रचलन छ ।

*(साभार: अनलाइनखबर)*

# प्रहरी विधेयकले निम्त्याएको नक्साल-सिंहदरबार मतभेद

काठमाडौं/नेपाल प्रहरीका पूर्वप्रहरी महानिरीक्षकहरू पालैपिच्छे तीन/चार महिनाको अवधिमा एकअर्काको निवासमा भेला भइरहन्छन् । कहिले प्रहरीका काम, कारबाहीबारे छलफल गर्छन्, कुनै विषयमा समान धारणा बनाएर बाहिर अभिव्यक्त गर्छन् । कहिलेकाहीँ कुनै एजेण्डा हुँदैन, डिनर खाएर फर्किन्छन् । तर, यसपटक पूर्वआईजीपी समूहको यस्तो भेटघाट जुर्न तीन महिना लागेन । पूर्वआईजीपी शैलेश थापाको निवासमा जमघट गरेको दुई महिनामै गएको शुक्रबार पूर्वप्रहरी प्रमुखहरूले धिरजप्रताप सिंहको घरमा लामो संवाद गरे ।

यसपालि उनीहरूको भेट एक बसाइमा पनि सकिएन । आइतबार र सोमबार पूर्वप्रहरी प्रमुखहरू एकठाउँमा भेला भएर गहन छलफल गरिरहेका छन् । सम्भवत: मंगलबार पनि एकठाउँमा बस्नेछन् । अनि, संयुक्त रुपमा एउटा सन्देश दिनेछन् । नेपाल प्रहरी पूर्वसंगठन प्रमुख मञ्चका संयोजक मोतिलाल बोहोरा भन्छन्, 'देशको हरेक कुना-काप्चामा सञ्जाल भएको प्रहरीलाई जसरी पछिल्लो समय कमजोर बनाउन खोजिँदैछ, त्यसको विरोधमा आवाज उठाउनु जरुरी भएकाले भेला भएर छलफल गरेका हौं ।'

**"परिचालन र नियन्त्रण" : कसको अधिकार ?**

हालसम्म नेपाल प्रहरी २०१२ सालमा बनेको ऐनका भरमा चलिरहेको छ । त्यसयता पटकपटक ऐन र नियमावलीको संशोधन भएको छ । नीतिगत विषयहरूलाई नियमावलीमा राखेर स्वार्थ अनुकूल परिवर्तन गर्दै राजनीतिक नेतृत्वले प्रहरी संगठनमा हस्तक्षेप गर्दै आएको छ । यद्यपि, पछिल्लो पटक १० असोजमा सर्वोच्च अदालतले प्रहरीको नियुक्ति, भर्ना, अवकाश लगायतका विषयमा यही आर्थिक वर्षभित्र ऐनमा समावेश गर्नेगरी व्यवस्था गर्न आदेश दियो । अदालतको आदेशपछि गृहमन्त्री रमेश लेखकले प्रहरीको नयाँ ऐन सम्बन्धी विधेयक संसद्मा दर्ता गराउने विषयलाई आफ्नो कार्यकालको मुख्य प्राथमिकतामा राखेका थिए ।

दुई महिनाअघि मन्त्री क्वार्टरमा पत्रकारहरूलाई बोलाएर




उनले भनेका थिए, 'अदालतले पटकपटक आदेश दिँदा पनि नियमावली संशोधन गर्दै प्रहरी चलाउनु उपयुक्त थिएन, त्यसैले मेरो मुख्य प्राथमिकता भनेको संसद् खुल्नेबित्तिकै विधेयक टेबुल गर्नु हो ।' यस्तोमा गृह मन्त्रालयले एक साताअघि संसद्मा 'नेपाल प्रहरी सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक' दर्ता गरेको छ, त्यसमा परेका केही प्रावधानका कारण पूर्वआईजीपीहरूको भेटघाट बाक्लिएको हो ।

पूर्वआईजीपी ठाकुर ज्ञवालीका अनुसार, यो विधेयकमा प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण सम्बन्धी व्याख्यात्मक टिप्पणीमै पूर्वप्रहरी अधिकृतहरूको पहिलो असन्तुष्टि छ । यसमा नेपाल प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरीवेक्षण गृह मन्त्रालयले गर्ने भनिएको छ ।

'जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रण सम्बन्धी कार्यका सन्दर्भमा प्रहरी कर्मचारी प्रमुख जिल्ला अधिकारीको नियन्त्रण, निर्देशन तथा सुपरिवेक्षणमा रहने', विधेयकमा भनिएको छ, 'जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रणका सन्बन्धमा प्रहरी कर्मचारीलाई आदेश वा निर्देशन दिनुपर्ने भएमा प्रमुख जिल्ला अधिकारीले त्यसरी खटिएको प्रहरी प्रमुखमार्फत दिनुपर्ने ।'

जिल्लागत शान्ति सुरक्षा कायम गर्ने क्रममा स्थानीय प्रशासन ऐन बमोजिम जिल्लाको सुरक्षाको कार्यमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण, निर्देशन तथा सुपरीवेक्षणमा रहनेगरी निजामती प्रशासन अन्तर्गत समेत यसलाई राखिएको उल्लेख छ । अधिकृतहरूका अनुसार, परिचालन र नियन्त्रण पुलिसिङको आधारभूत विषय हो, जसले चेन अफ कमाण्ड कायम गराउन पनि मद्दत गर्छ । उनीहरूको भनाइमा, परिचालन विशुद्ध खटनपटनको कुरा हो, जुन फौजको नेतृत्व गर्ने अधिकारीमै रहनुपर्छ ।

तर, प्रहरीको परिचालन नै गृह मन्त्रालयले गर्ने विषय विधेयकमा उल्लेख भएपछि यसले संगठनका अधिकृतहरूलाई संशकित बनाइदिएको पूर्वआईजीपी ज्ञवाली बताउँछन् । 'नेपाल सरकारको नियन्त्रणमा रहने कुरालाई अन्यथा भन्नु हुँदैन, मिल्दैन पनि', उनले संचारकर्मीसँग भने, 'तर, गृह मन्त्रालयले परिचालन गर्ने भन्नुले प्रहरीको अधिकारलाई संकुचन गर्न खोजिएको देखिन्छ, यो प्रावधानले प्रहरीमा हुने हस्तक्षेपलाई थप बढाउँछ ।'

अहिलेसम्म सरकारले प्रमुख जिल्ला अधिकारी कसको मातहत राख्ने भन्ने सन्दर्भमा समेत स्पष्ट निर्णय गर्न नसकेको अवस्थामा प्रहरीलाई निजामती कर्मचारीको परिचालनमा राख्न खोजेर उसको भूमिका संकुचन गर्न खोजेको ज्ञवालीको टिप्पणी छ । 'गृह मन्त्रालयले आफ्ना कर्मचारीलाई समेत कसरी परिचालन गर्ने भनेर निर्णय गर्न नसकेको अवस्थामा प्रहरीलाई परिचालन गर्ने अधिकार समेत सुम्पिन खोजिँदैछ', उनी थप्छन्, 'अहिले विधेयकमा भएका प्रावधानहरू जस्ताको तस्तै पारित भए सरकार वा राजनीतिक पार्टीले चाहे अनुसार प्रहरीलाई अटोक्रेटिक हिसाबले चलाउने जोखिम रहन्छ ।' त्यसैले यो सबै राजनीतिक दल र नागरिक समाज समेतले बुझ्नुपर्ने विषय भएको ज्ञवालीको भनाइ छ ।

**हेडक्वार्टरको पनि असन्तुष्टि**

विधेयकमा भएको व्यवस्थाप्रति प्रहरी प्रधान कार्यालय पनि सन्तुष्ट छैन । नेपाल प्रहरीले प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) दिपक थापाको नेतृत्वमा समिति नै बनाएर मस्यौदा बनाउन काम गरेको थियो । 'थापा नेतृत्वको समितिले संगठनका तल्ला तहसम्मका कर्मचारीको राय लिएर मस्यौदा पठाएको थियो', प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकृतले भने, 'त्यसमा परिचालन, नियन्त्रण, सुपरिवेक्षण नेपाल सरकारले गर्नेछ भन्ने थियो, तर संसद्मा दर्ता हुने बेलासम्ममा गृह मन्त्रालय भयो ।' उनका भनाइमा 'सरकार' र 'मन्त्रालय' ले भन्नुमा आधारभूत अन्तर छ ।

सरकारले भन्नु भनेको प्रहरी मामिलाका नीतिगत विषय सरकारले हेर्छ तर परिचालन र नियन्त्रण (कमाण्ड एण्ड कन्ट्रोल) प्रहरी प्रमुखसँग रहन्छ । यदि यो अधिकार गृह मन्त्रालयमा हुने व्यवस्था कानुनमा कायम हुने हो भने प्रहरी प्रमुखले गर्ने परिचालन र नियन्त्रणको काम गृह मन्त्रालयको सम्बन्धित विभाग हेर्ने अधिकारीसम्म पुग्छ ।

त्यसैले संसद् र संसदीय समितिमा यो विषयलाई जोडतोडले छलफलमा ल्याउन लबइङ गर्ने तयारी प्रहरीको छ । पूर्वप्रहरी प्रमुख बोहोराका अनुसार, गृह मन्त्रालय प्रहरीको तालुक निकाय भएकाले निर्देशन र सुपरिवेक्षण मान्नुपर्छ । तर, फौजको नियन्त्रण र परिचालन प्रहरी आफैंले गर्नुपर्छ । अहिले विधेयकमा भएको व्यवस्थाले परिचालनका सन्दर्भमा प्रहरी कमाण्डरमा रहनुपर्ने अधिकारलाई मन्त्रालयका सहसचिव, उपसचिव र शाखा अधिकृत तहसम्म पुर्‍याइदिने जोखिम रहेको उनी बताउँछन् ।

'परिचालन भन्ने शब्द कुनै अवस्थामा विधेयकमा रहन दिनुहुँदैन, किनभने फोर्सको परिचालन गर्ने त त्यससम्बन्धी तालिम प्राप्त, ज्ञान भएका व्यक्ति नै हुनुपर्छ नि', उनले थपे, 'यो भूमिका प्रहरी हेडक्वार्टरको हो, प्रहरीका कमाण्डरको हो ।' परिचालनको सन्दर्भमा विज्ञता पनि प्रहरी अधिकृतहरूसँगै हुने भएकाले त्यसलाई सच्याउनुपर्ने उनको तर्क छ । २०१२ सालमा बनेको ऐनमा प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार श्री ५ को सरकारसँग हुने भनिएको थियो । पछि त्यसलाई संशोधन गरेर नेपाल सरकार बनाइएको थियो ।

पूर्वआईजीपी ज्ञवाली भन्छन्, 'तर अहिले परिचालनको जिम्मेवारी गृह मन्त्रालयका अधिकारीहरूलाई दिनु भनेको प्रहरीलाई २०१२ सालको ऐनभन्दा अगाडि फर्काउने प्रयास हो । यो घटनाले राज्यको नेतृत्व तहमा रहेकाहरूको लोकतान्त्रिक कुरा गर्ने, तर व्यवहारत: यस प्रणाली अन्तरगतका संस्थाहरूलाई संकुचन गरेर कमजोर बनाउने द्वैध प्रवृत्ति देखायो ।' विश्वमा आधुनिक पुलिसिङ प्रणालीको सुरुवात बेलायतबाट भएको मानिन्छ । बेलायतको प्रणालीमा 'कमाण्ड एण्ड कन्ट्रोल' (परिचालन र नियन्त्रण) प्रहरीको महत्त्वपूर्ण अंग मान्ने गरिन्छ ।

'हाम्रो जस्तो लोकतान्त्रिक मुलुकमा पनि व्यवसायिक प्रहरी संगठनको कुरा गर्ने हो भने त्यो दुई चिज प्रहरीसँग रहनुपर्छ', एक अधिकृत भन्छन्, 'तर, प्रहरीको कोर चिज झिकेर गृह मन्त्रालयतिर लैजाने कुरा आफैंमा समस्याग्रस्त छ ।' सुरक्षा मामलाका जानकार नारायण अधिकारी पनि प्रजातान्त्रिक पद्धति रहेको मुलुकमा प्रहरी संगठनबाट त्यसको न्यूनतम अंग खोसिनु उपयुक्त नभएको बताउँछन् । उनी भन्छन्, 'यो सच्याइ हाल्नुपर्ने विषय हो ।'

*(स्रोत: अनलाइनखबर)*

# 'डोरी'को 'चुच्चे ढुङ्गो उही टुङ्गो' गीतमा आर्यन र अञ्जनाको नृत्य



काठमाडौं/आगामी चैत्र १५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'डोरी'को पहिलो गीत 'चुच्चे ढुङ्गो उही टुङ्गो' सार्वजनिक गरिएको छ । सोमबार वसन्त पञ्चमीको अवसर पारेर सार्वजनिक उक्त गीतमा राजनराज सिवाकोटी र अन्जु पन्तको गायन छ । सहायक स्वर सुनी थापाले दिएकी छिन् । राजनराज स्वयंको शब्द तथा संगीत रहेको गीतमा संगीत संयोजन राजन ईशानले गरेका छन् ।

सौरभ लामाको डिओपी तथा कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको भिडियोमा आर्यन सिग्देल र अञ्जना बराइलीको नृत्य देख्न सकिन्छ । अञ्जना 'डोरी'की मुख्य अभिनेत्री हुन् भने आर्यन यो गीतमा मात्र देखिनेछन् । गीतमा उनीहरु परम्परागत पोसाकमा प्रस्तुत छन् । अहिले आर्यन र अञ्जनाले फिल्म 'महाभोज'मा एकसाथ काम गरिरहेका छन् ।

फिल्मको लेखन तथा निर्देशन अरुण लामाले गरेका हुन् । यो उनको पहिलो निर्देशकीय फिल्म हो । यसमा अञ्जनासहित प्रवीण खतिवडा, शिशिर बाङ्देल, प्रकाश घिमिरे, अरुण लामा, अञ्जना बराइली, राज पौडेल, कविता आले, नूतन, राज थापा, वीरेन्द्र सिंह कुशवाहा लगायतको अभिनय रहेको छ । 'डोरी'ले बाँधिएको सम्बन्ध र जिम्मेवारीलाई प्रस्तुत गर्ने जनाइएको छ ।

फिल्मका निर्माता दिनेश भट्टराई हुन् भने कार्यकारी निर्मातामा राज थापा छन् । मनोज पण्डितले स्क्रिप्ट डक्टरिङ गरेको फिल्ममा मुख्य सहायक निर्देशक दिनेश बहादुर रावत, द्वन्द्व निर्देशक राजु तामाङ, सङ्गीत निर्देशक तथा रचनाकार राजनराज सिवाकोटी, कला निर्देशक रोशन दिवाना, स्थल ध्वनि रेकर्डिस्ट किशोर खनाल, सम्पादक मिलन श्रेष्ठ, रङ्ग संयोजक रेनीश फागो रहेका छन् ।

# 'दु:खी आत्मा' ट्रेलर : यौन दुर्बलताको समस्याले पीडित पात्रको कथा

काठमाडौं/आगामी फागुन २ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'दु:खी आत्मा'को ट्रेलर सार्वजनिक गरिएको छ । वसन्त पञ्चमीको दिन पारेर सोमबार सार्वजनिक चार मिनेट लम्बाईको ट्रेलर एक पात्रको वरिपरि घुमेको छ, जो यौन दुर्बलता (इरेक्टाइल डिस्फङ्सन)बाट पीडित छ । उसमा यौन चाहना भएपनि यौन दुर्बलताका कारण भोग्नुपरेको समस्यालाई ट्रेलरमा हास्य शैलीमा प्रस्तुत गरिएको छ ।



यौन दुर्बलताको समस्याबाट पीडित पात्रको भूमिकामा दयाहाङ राईले अभिनय गरेका छन् । उनको कविता लेखनमा रुचि देखिन्छ । उनको जोडी बनेर आँचल शर्मा प्रस्तुत छिन् । यौन दुर्बलताकै कारण उनीहरुबीच उत्पन्न परिस्थितिलाई ट्रेलरले रोचक शैलीमा पेस गरेको छ, जसले दर्शकमा रोमाञ्चकता पैदा गराउन सक्छ । ट्रेलरमा प्रचुर द्विअर्थी संवाद छन् ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा दयाहाङ र आँचलसहित अनुपविक्रम शाही, बुद्दि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, लोकेन्द्र लेखक, दीया मास्के, आशान्त शर्मा, लुनिभा तुलाधर, शिशिर वाङ्देल लगायतको अभिनय छ । फिल्मलाई 'नाङ्गो गाउँ'का निर्माता हिमाल कडरियाले निर्माण गरेका हुन् ।

फिल्मको कार्यकारी निर्माता सुदीप ढकाल हुन् । यसमा आलोक शुक्लाको छायांकन, निमेष श्रेष्ठको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ । क्लक वर्क कृएसनको ब्यानरमा निर्माण भएको फिल्ममा चर्चित कवि तथा गीतकार श्रवण मुकारुङले विभिन्न शीर्षकमा लेखेका दशवटा कविता समावेश गरिएको छ, जुन ट्रेलरमा पनि सुन्न सकिन्छ ।

# महिला क्रिकेट शृंखला : कहाँ चुकिरहेको छ नेपाल ?

काठमाडौं/नेपालमा लामो समयपछि महिला अन्तर्राष्ट्रिय क्रिकेट फर्किएको छ । काठमाडौंमा अघिल्लो सातादेखि नेपाल, नेदरल्याण्ड्स र थाइल्याण्ड सम्मिलित महिला टी-२०आई शृंखला सुरू भएको छ । सबै टोलीले एक अर्कासँग ३-३ खेल अर्थात् एक टोलीलाई ६ खेल खेल्ने व्यवस्थासहित आयोजित शृंखलामा नेपालले आफ्ना तीन खेलहरू खेलिसकेको छ जहाँ तीनवटैमा पराजित भएको छ ।

नेपालले नेदरल्याण्डसलाई दुई खेल सुम्पिँदा थाइल्याण्डसँग एक खेलमा पराजित भएको छ । यी हारले नेपालको शृंखला जित्ने सम्भावना कमजोर बनिसकेको छ । विगतको तुलनामा टोलीको प्रदर्शनमा सुधार आएको भएपनि नेपाली टोलीको फिनिसिङदेखि लिएर केही कुरामा अझै आवश्यक सुधार हुन नसक्दा तीनवटै खेलमा पराजित भएको छ । जारी शृंखलामा नेपाल अझै पनि केके कुराहरूमा चुकिरहेको छ त ? आज चर्चा गर्नेछौं ।

**ब्याटिङ अर्डर**

नेपालको ब्याटिङमा पहिलेका खेलहरूमा भन्दा धेरै नै सुधार देखिएको छ । पहिले बनाउनेभन्दा नेपालले रनगति र स्कोरिङ क्षमता दुवैमा सुधार गरेको छ । तर ब्याटिङ अर्डर असमान हुँदा ब्याटरको प्रदर्शनमा प्रत्यक्ष असर परिरहेको छ । नेपालले पहिलो खेलमा ठूलो स्कोर चेज गर्दा सीता राना मगर र सम्झना खड्का ओपनिङमा आएका थिए भने कप्तान इन्दु बर्मा त्यसपछि अनि कविता कुँवर, रुबिना क्षेत्री र पुजा महतो आएका थिए ।

दोस्रो र तेस्रो खेलमा ममता चौधरीले सम्झनासँग ओपन गरिन् भने दोस्रो खेलमा इन्दु वान



डाउन र पुजा २ डाउनमा आउँदा तेस्रो खेलमा पुजा वान डाउन र इन्दु २ डाउन आएकी थिइन् । सीता त्यसपछिका दुई खेलमा भने तल्लोक्रममा नै आइन् । यो ब्याटिङ अर्डरमा लगातार परिवर्तन गरिरहनुका पछाडि प्रशिक्षकको केही एक्सपेरिमेन्ट पनि हुन सक्छ वा अवस्था अनुसार चान्स लिएको हुन सक्छ । तर यसले खेलको नतिजामा भने कुनै परिवर्तन ल्याएको छैन ।

एउटा फिक्स्ड ब्याटिङ अर्डर नभएमा त्यसले ब्याटरहरूको प्रदर्शनमा असर गरेको हुन्छ । कम्तिमा पनि चार नम्बरसम्मका ब्याटरहरूको पोजिशन निश्चित हुनुपर्छ । पुजाले यसअघि तल्लोक्रममा खेल्ने गरेकी थिइन् । उनी निडर भएर ठुला शटहरू खेल्न सक्षम हुने भएकाले उनलाई रुबिनाभन्दा पछाडि ल्याउँदा नै उपयुक्त हुन्छ । ओपनिङमा सम्झना र ममता तथा त्यसपछि इन्दु र रुबिना अनि पुजा, सीता र कविता जोशी फिनिसर हुन सक्छन् ।

**रनिङ बिटवीन विकेट**

नेपाली ब्याटरहरूको रनिङ बिटवीन द विकेट केही फितलो देखिएको छ । यसमा खेलाडीहरूको फिटनेसको पनि समस्या देखिएको छ । मिडल ओभरहरूमा सिङ्गल डबल गर्दै बाउन्ड्रीहरूको पनि आवश्यकता रहन्छ । रनिङ बिटवीन द विकेटमा कम्युनिकेशन र प्रेजेन्स अफ माइन्डको पनि आवश्यकता हुन्छ । नेपाली ब्याटरहरू फिल्डरको हातमा बल हुँदा सिङ्गल लिन दौडिएर रनआउट भइरहेका हुन्छन् । त्यसैगरी २ रन पूरा गर्न सक्ने अवस्थामा द्विविधामा देखिइरहेका हुन्छन् ।

आइतबारको खेलमा रनिङमा केही सुधार देखिएको थियो । तर अन्तिममा फिनिसिङमा चुक्दा नेपालले लगातार तेस्रो हार व्यहोरेको थियो । ब्याटिङ अर्डर निश्चित बनाउन सके रनिङ बिटवीन द विकेटको समस्या पनि त्यसैसँग समाधान हुन्छ ।

**फितलो बलिङ**

नेपाली टोलीको बलिङ पनि त्यति बलियो देखिएको छैन । पहिलो खेलमा फितलो बलिङकै कारण नेपालले धेरै रन व्यहोरेको थियो । उक्त खेलमा डेब्यू गरेपनि बाँयाहाते स्पीनर मनिषा उपाध्यायले बलिङ गरिनन् । दोस्रो खेलमा पनि मनिषाले किफायती बलिङ गर्दा अन्य बलहरूबाट खास योगदान हुन सकेन । तेस्रो खेलमा सीता राना मगरले ५ विकेट लिएर रनगति कम गर्दै नेदरल्याण्ड्सलाई करिब २० देखि २५ रन कममै रोक्न सहयोग गरिन् । बलिङमा केही कसिलो हुन सके स्कोर डिफेन्ड गर्दा ब्याटरहरूलाई दबाब कायम गरी खराब शटहरू खेलाएर आउट गर्न सकिन्छ । त्यसैगरी जति कम योगफलमा रोक्न सक्यो त्यति दोस्रो इनिङमा ब्याटिङ गर्न सहज हुन्छ ।

**फितलो फिल्डिङ**

नेपाली टोलीको फिल्डिङ पनि केही फितलो देखिएको छ । विकेटकिपरले स्टम्पिङ मिस गर्ने, फिल्डरले बल कन्ट्रोल गर्न नसक्दा विपक्षीले सिङ्गललाई डबलमा परिणत गरेको देखिन्छ । थाइल्याण्डसँगको खेलमा पनि मिसफिल्ड र एउटा महत्वपूर्ण क्याच छाड्नु नेपालका लागि महंगो साबित भएको थियो । पूर्वकप्तान रुबिनाको बलमा कप्तान इन्दुले लङअफमा सेट ब्याटरको क्याच छाड्दा नेपाल जितबाट टाढा बनेको थियो ।

त्यस्तै किपरबाट मिस भएर बाईको रूपमा बल चौकाका लागि गइरहेको हुन्छ । सिनियर टिमका लागि डेब्यू शृंखला खेलिरहेकी अलिशा यादवले सेट हुन केही समय लिइरहेकी छन् । खेल जित्नका लागि ब्याटिङ र बलिङसँगै फिल्डिङको पनि उति नै भूमिका हुन्छ । त्यसकारण फिल्डिङमा सुधार हुन सके विपक्षी ब्याटरहरूलाई रन लिन नदिन दबाब दिन सकिन्छ ।

**जिम्मेवार ब्याटिङको कमी**

कुनै पनि टोलीको जितका लागि ब्याटिङमा जिम्मेवार भएर खेल्न जरुरी हुन्छ । विशेषगरी टप अर्डरका ब्याटरहरूले जिम्मेवार भएर खेल्नुपर्ने हुन्छ । टप अर्डर नचल्दा मिडल अर्डरमा दबाब पर्छ र उनीहरू पनि ठुलो शट खेल्ने धुनमा आउट भइरहेका हुन्छन् भने रिस्की सिङ्गल लिने क्रममा रनआउट हुने गर्छन् । आइतबारको खेलमा इन्दुले अलि समय क्रिजमा टिकेर स्ट्राइक रोटेट गर्दै नेपालको आशा जीवितै राखेकी थिइन् । तर लगातार दुई अनुभवी ब्याटरहरूको विकेट गुम्दा इन्दु पनि ठुलो शट खेल्ने धुनमा आउट भइन् ।

ब्याटरहरूले स्ट्राइक रोटेट गर्दै पार्टनरसीप बनाउँदै इनिङ बिल्ड गर्ने र सँगसँगै स्कोरबोर्डलाई पनि ध्यानमा राखेर शटहरू खेल्नुपर्ने हुन्छ । स्कोरबोर्डको प्रेसरलाई ह्यान्डल गर्न नसकेमा ब्याटरहरू खराब शटहरू खेलर आउट हुने गर्छन् । त्यसकारण सिनियर खेलाडीले जिम्मेवार इनिङ खेल्न जरुरी हुन्छ । नेपालले अब मंगलबार थाइल्याण्ड, बुधबार नेदरल्याण्ड्स तथा शुक्रबार थाइल्याण्डसँग अन्तिम खेल खेल्नेछ । नेपाललाई तीनवटै खेल जित्नुपर्ने दबाब रहनेछ । विशेषगरी कमजोरीहरूलाई सुधार गरी त्यसै अनुसारको योजना बनाएर खेल्न सके नेपालले अब बाँकी तीनवटै खेल जितेर शृंखला जित्ने सम्भावना अझै पनि कायमै राख्न सक्छ ।

*(स्रोत: अनलाइनखबर)*

# फेरि बन्दै 'मनको बाँध', युवराज कार्कीले निर्देशन गर्ने

काठमाडौं/नेपाली फिल्मको इतिहासमा एउटा महत्त्वपूर्ण फिल्म मानिन्छ, 'मनको बाँध' । २०३० सालमा प्रदर्शन भएको यो फिल्म शाही नेपाल चलचित्र संस्थानले स्थापनाको २ वर्षपछि निर्माण गरेको थियो । यो राज्यबाट मनोरञ्जन कर छुट पाउने पहिलो नेपाली फिल्म हो । अब यही नाममा ५ दशकपछि अर्को फिल्म बन्ने भएको छ । सोमबार थिम पोस्टर मार्फत् 'मनको बाँध'को निर्माण घोषणा गरियो ।




फिल्मको निर्देशन युवराज कार्कीले गर्नेछन् । उनी प्रोडक्सन डिजाइनरको रुपमा परिचित छन् । यही फिल्मबाट उनले निर्देशनमा डेब्यु गर्न लागेका हुन् । फिल्मको निर्माणमा श्रीत फिल्म्स एन्ड इन्टरटेनमेन्ट तथा नटराज क्रियसनले सहकार्य गरेका छन् । अहिलेसम्म कलाकार तथा प्राविधिकहरूको नाम खुलाइएको छैन ।

'मनको बाँध' ग्रामीण जीवनका सैर्ष, आर्थिक असमानता, वैवाहिक असमानता, सामाजिक अन्याय र हिंसाका विषयमा आधारित हुने जनाइएको छ । फिल्मले महिलाको साहस, धैर्यता र आत्मविश्वासको कथालाई प्रभावशाली रुपमा चित्रण गर्ने निर्देशक कार्कीले बताए । फिल्मको छायांकन यसै वर्ष गरेर आगामी वर्ष रिलिज गर्ने लक्ष्य राखिएको छ ।

नेपाल चलचित्र प्राविधिक संघका महासचिव समेत रहेका युवराज अनुभवी प्रोडक्सन डिजाइनरका रूपमा परिचित छन् । 'जात्रा', 'शत्रु गते', 'दाल भात तरकारी' र 'द सिक्रेट अफ राधा' जस्ता फिल्ममा प्रोडक्सन डिजाइनको जिम्मेवारी सम्हालेका उनी दुई वर्ष अगाडि रिलिज भएको फिल्म 'के घर के डेरा'मा कार्यकारी निर्माताको भूमिकामा थिए, जसको सिक्वेल हाल पोस्ट-प्रोडक्सनमा छ ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# महासंघले जित्यो मिडिया कप फुटसल प्रतियोगिताको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ मिडिया कप फुटसल प्रतियोगिताको उपाधि नेपाल पत्रकार महासंघ मकवानपुरले जितेको छ । ५ औं संस्करणको रेडियो मकवानपुर कप मिडियास्तरीय 'मिडिया कप' फुटसल प्रतियोगिताको उपाधि पत्रकार महासंघ मकवानपुरको टिमले जितेको हो ।

रेडियो मकवानपुरको १५ औं वार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत सोमबार मकवानपुरगढी गाउँपालिका-३, स्थित मक्राञ्चुलीको फुटसलमैदानमा भएको फाइनल खेलमा पत्रकार महासंघ मकवानपुरले थाहा-नवयुग मिडियालाई १२-० गोल अन्तरले पराजित गरेको छ । खेलको पहिलो हाफमा महासंघको टिमले थाहा-नवयुग विरुद्ध ५ गोल गरेको थियो भने दोस्रो हाफमा थप ७ गोल गरेको थियो ।

पत्रकार महासंघ मकवानपुरका कार्यसमिति सदस्य गणेश दुलालको नेतृत्वमा रहेको महासंघको टिमलाई सचिव केशव समर्पणले व्यवस्थापन गरेका थिए । त्यसअघि महासंघको टिमले आयोजक रेडियो मकवानपुरलाई ३-२ ले हराएको थियो भने उपविजेतामा सीमित भएको थाहा-नवयुग मिडियाले बागमती एक्सप्रेसलाई २-१ गोल अन्तरले पराजित गरेको थियो । प्रतियोगितामा ४ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको लागि नाम दर्ता भएका थप ४ टिम सहभागी भएनन् ।

प्रतियोगिता आयोजनाका लागि बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगर पालिकाको पनि सहयोग रहेको छ । गतवर्ष भएको चौंथो संस्करणको फुटसल प्रतियोगिताको उपाधि टिम एन्ट्रान्सले जितेको थियो । प्रतियोगिताको उपाधि विजेता पत्रकार महासंघ र उपविजेता नवयुगको टिमलाई मंगलबार रेडियो मकवानपुरको वार्षिकोत्सवको समापन कार्यक्रम नगद सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ ।

## हेटौंडाका २५ जना साइकलप्रेमीद्वारा मरणोप्रान्त आँखादानको घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ आँखाको दृष्टि गुमाएर अन्धकारमय जीवन बिताइरहेको व्यक्तिलाई पुन: दृष्टि प्राप्त गर्न सक्ने गरी गरिने आँखा दानलाई उत्प्रेरित गर्न हिमालयन राइडर्स सोसाइटीले सामूहिक घोषणा गरेको छ ।

सोसाइटीका २५ जना सदस्यले मराणेप्रान्त आँखादान गर्ने गरी एकसाथ घोषणा गरेका हुन् । बसन्तपञ्चमीको अवसर पारेर सोसाइटीका २५ जनाले आँखादान गर्ने प्रतिबद्धता जाहेर गरी सामुदायिक आँखा केन्द्र हेटौंडामा हस्ताक्षर सहितको फर्म बुझाएका हुन् । सोसाइटीका अध्यक्ष राजु थापामगर, संस्थापक अध्यक्ष चेतनाथ आचार्य, सल्लाहकार भानुभक्त आचार्यलगायत २५ जनाले मरणप्रान्त आँखादान गर्ने घोषणा गरेका हुन् ।

आँखाको दृष्टि गुमाएर अन्धकारमा जीवन बिताइरहेको व्यक्तिलाई पुन: दृष्टि प्राप्त गर्न सक्ने गरी आँखादानलाई उत्प्रेरित गर्न सामूहिक प्रयास गरिएको अध्यक्ष थापामगरले बताए । नेपालमा आँखा बैंक सञ्चालन भएको २४ वर्ष भएको छ । अहिलेसम्म १६ हजार आँखा प्रत्यारोपण भइकेको छ भने ७५ हजारले मरणोपरान्त आँखाको नानी दान गर्ने इच्छा व्यक्त गरेका छन् । व्यक्ति विशेषले स्वेच्छापूर्वक आफ्नो मृत्युपश्चात् गरिने आँखादानको कार्यलाई मानवतावादी प्रयास वा मानवसेवाको अनुपम उदाहरणको रुपमा लिइन्छ ।

आँखा दानको महत्व र उपादेयताको बारेमा जनचेतना फैलाउने कार्य तथा अन्य ब्यक्तिलाई प्रेरणा मिलोस भनेर सामूहिक आँखादान गरेको सोसाइटीका संस्थापक अध्यक्ष आचार्यले जानकारी दिए । हेटौंडा सामुदायिक आँखा अस्पतालका निर्देशक डा. सुनिल थकालीसमक्ष र सोसाइटीका अध्यक्ष थापामगरले मरणप्रान्त आँखादान गर्ने प्रतिबद्धतापत्र हस्तान्तरण गरेका थिए ।

# जलवायु परिवर्तनको संकेत: दामनमा माघमै लालीगुराँस फूल्यो

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ मकवानपुरको भीमफेदीस्थित अघोर क्षेत्र, थाहा नगरको सीमभन्ज्याङ, दामन र बकैयाको जीतपुरभन्ज्याङ क्षेत्रमा यसपटक गुराँस फूल्न थालेका छन् । स्थानीयवासीको अनुसार फागुन-चैतदेखि फूल्ने गुराँस पछिल्लो समय मङ्सिरको अन्तिमदेखि नै फाट्टफुट्ट फूलेको देखिएको छ ।



पछिल्लो समय जलवायु परिवर्तनले वनस्पतिको जीवनचक्रमा पारेको प्रभावका कारण पनि समयअगावै गुराँस फूल्न थालेको बताइन्छ । दामनका स्थानीय राजेन्द्र भुजेलले भने, 'पहिलेपहिलेको जस्तो लालीगुराँस फूल्न छोड्यो, रुख बुढो हुँदै गए । नयाँ बिरुवाको संरक्षण भएको छैन ।' दामनका स्थानीय सुरज अधिकारीले विगतको तुलनामा दामनमा गुराँस लोप हुँदै गएको बताए ।

उच्चभाग र चिसो ठाउँमा पाइने गुराँस उचाइ, आर्द्रता, चाप, पानी, सुक्खा र माटोको प्रकृतिका आधारमा पनि ढिलोचाँडो फूल्ने गरेको वनस्पतिविज्ञ रघुराम पराजुलीले बताए । जलवायु परिवर्तनका कारण वनस्पतिको जीवनचक्रमा देखिएको फेरबदलले गुराँस फूल्ने समयमा परिवर्तन भएको उनको भनाइ छ । जिल्लामा पाइने गुराँसको अध्ययन, अनुसन्धान नभए पनि यहाँ करिब आधा दर्जन प्रजातिको रातो, सेतो र दुर्लभ तथा लोपोन्मुख चिमाल प्रजातिको गुराँस भेटिएको छ । यहाँको पर्वतीय वनस्पति उद्यान, दामनले गुराँसको संरक्षण र प्रवर्द्धन गरिरहेको छ ।

समुद्री सतहबाट गुराँस एक हजार ३०० देखि चार हजार ६०० मिटरको उचाइमा गुराँस फूल्ने गर्छ । दामनको मुख्य आकर्षणको रुपमा रहेको गुराँस फूलेपछि डाँडाकाँडा नै रङ्गिन र मनमोहक हुन्छ । नेपालका ४३ जिल्लामा ३२ प्रजातिको गुराँस पाइने गरेको एक अध्ययनले देखाएको छ ।

## ७२ जना नेवार समूदायका कन्याको सामूहिक बेल विवाह

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ बसन्तपञ्चमीको शुभसाइत पारेर हेटौंडा-१० बसपार्कमा नेवार समूदायका ७२ जना कन्याको सामूहिक बेल विवाह (इहि) गरिएको छ ।

इहियज्ञ सुवर्ण कुमार वेल विवाह गुठी हेटौंडाको आयोजनामा भएको ५३ औं सुवर्ण कुमार वेल विवाह कार्यक्रममा समूदायका ७२ कन्याको सहभागिता रहेको गुठीले जनाएको छ । विवाहकार्य आइतबार र सोमबार दुईदिन चलेको थियो । नेवार समूदायमा रजश्वलापूर्व नै छोरीको बेलसँग विवाह गरिदिने प्रचलन रहेको छ ।

एउटा परिवारको लागि सबै विवाहसामग्री जुटाउन निकै ठूलो समस्या पर्ने भएकाले २०२९ सालदेखि हेटौंडामा सामूहिकरुपमा वेल विवाह गरिदै आएको छ । वेल विवाहमा नेवार ब्राह्मण, ब्राह्मणी, कर्माचार्य, जोशी, सेवाचार्य, प्रजापति र नापित गरी ७ जातीय पूजारीहरूद्वारा विवाहकार्य गरिने प्रचलन रहेको छ ।

## बागमती प्रदेशमा सर्वदलीय बैठक आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/ बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलबीच मंगलबार सर्वदलीय बैठक आह्वान गरिएको छ । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले अपराह्न ३ बजे बस्ने गरी सर्वदलीय बैठक आह्वान गरिएको बताए ।

सभामुख पाठकका अनुसार प्रदेशसभाको माघ २३ गते मध्याह्न ११ बजे बस्ने बैठकका कामकारबाहीबारे बैठकमा छलफल हुनेछ । प्रदेश सरकारले ल्याएका विभिन्न चारवटा विधेयक तथा विभिन्न समितिमा छलफल भइ प्रतिवेदन तयार भएको केही विधेयकलाई पूर्णबैठकमा छलफल गरी पारित गर्नुपर्ने भएकाले त्यसमा सहमतिका लागि सर्वदलीय बैठक आयोजना गरिएको सभामुख पाठकले जानकारी दिए ।

प्रदेशसभाको गत माघ १८ गते बसेको बैठकमा प्रतिपक्ष दलको सहमति नहुँदा सरकारद्वारा प्रस्तुत गर्ने भनिएका विधेयक अन्तिममा बैठकको कार्यसूचीबाट हटाइएको थियो ।

## नृत्य प्रतियोगितामा सेभेन स्टार समूह प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २१ माघ/सरस्वतीपूजाको अवसरमा हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेजले नृत्य प्रतियोगिता सम्पन्न गरेको छ ।

प्रतियोगितामा थारु संस्कृति झल्कने नृत्य प्रस्तूत गरेको सेभेन स्टार समूहले प्रथम हुँदै नगद ३५ हजार जित्न सफल भएको छ । द ड्रिमले दोस्रो, आर्टिस्टिक समूहले तेस्रो स्थान हासिल गर्दै क्रमश: २५ हजार र २० हजार नगद जित्न सफल भएका छन् । प्रतियोगितामा कुल १४ वटा समूहले सहभागिता जनाएका थिए ।

टिम नुमाफुङले प्रिन्सीपल च्वाइजमा पर्दै नगद १० हजार प्राप्त गरेको थियो । हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । प्रतियोगितामा उज्ज्वल शर्माभण्डारी, वृशमान सुनुवार र छवि थापामगर निर्णायक रहेका थिए । म्यानेजमेन्टले हरेक वर्ष सरस्वती पूजाका अवसरमा नृत्य प्रतियोगिता आयोजना गर्दै आएको छ ।

## भेट्रान्स कपको फाइनलमा हेटौंडा भेट्रान्स पराजित

साझाकुरा संवाददाता

हेटौडा, २१ माघ/पोखरामा सोमबार सम्पन्न १४ औं अन्तर्राष्ट्रिय भेट्रान्स एट ए साइड फुटबल प्रतियोगितामा हेटौंडा भेट्रान्स पराजित भइ उपबिजेता बनेको छ । खेलमा बानेश्वर भेट्रान्सले सुन्यका विरुद्ध ५ गोल गर्दै उपाधी हात परेको हो । बानेश्वरले नगद एक लाखसँगै प्रथम स्थानको शिल्ड प्राप्त गरेको छ । उपबिजेता हेटौंडाले दोस्रो स्थानको शिल्ड र नगद ५० हजार प्राप्त गरेको छ । तीन उमेर समूह-४० वर्ष, ५० वर्ष र ६० वर्ष) मा खेलाइएको प्रतियोगितामा हेटौंडा भेट्रान्सले ५० बर्ष माथीको समूहमा भाग लिएको थियो ।


**Hetauda Water Supply Management Board**
BagmatiProvince ,Makawanpur,Nepal

**Notice of Intention to Award the Contract**

Date of Publication 2081-10-22 (4 Febuary,2025)

This is to notify all the concerned Bidders that Procurement Regulation of the Company ,ITB 39.1 of the issued Bid Document and Public Procurement Act 2063 Clause 27(2) that the following bidder, whose offer has been determined to be the lowest evaluated bid and is substantially responsive to the Bidding Document is selected and this notice is to inform the concerned bidder regarding the intention to award the Contract in reference to the Bid notice Published on PPMO and The Kathmandu Post National Daily on 2081/09/09 (24 Dec. 2024).

| S.No. | Contract Identification Number | Contract Name | Bidder's Name and Address | Amount (including VAT) |
|---|---|---|---|---|
| 1 | HWSMB-05-2081/82 | Different Types of Construction and Maintenance works at Hetauda- 8,9,15, 16,17,18,14 etc | Shakti Nirman Company Hetauda-2, Makawanpur | Rs.63,73,798.46 |

**यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुटुने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**नारायणी संघ हेटौंडाका सदस्य महानुभावहरुमा अत्यन्त जरुरी सूचना**

यस नारायणी संघ हेटौंडाको चौथो बार्षिक साधारण सभा एवम् दोस्रो अधिवेसन तपसिल अनुसारको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु:**
१. बार्षिक प्रतिवेदन
२. आय व्यय विवरण सहितको लेखा परीक्षण प्रतिवेदन
३. लेखा परीक्षकको नियुक्ती
४. विविध

**कार्यक्रम:**
मिति : २०८१/११/१७ गते, शनिबार
समय : विहान ९:०० बजे
स्थान : पल्पसा प्याराडाइज होम (पल्पसा सभाहल) हेटौंडा-२, मकवानपुर

हिरालाल श्रेष्ठ
अध्यक्ष
**नारायणी संघ हेटौडा**

**नारायणी यातायात व्यवसायी संघका सदस्य महानुभावहरुमा अत्यन्त जरुरी सूचना**

यस संघको ३६ औं वार्षिक साधारणसभा एवम् १६ औं अधिवेसन तपसिल अनुसारको विषयमा छलफल हुने गरी निम्न मिति, समय र स्थानमा हुन गइरहेकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु:**
१. वार्षिक प्रतिवेदन
२. आय-व्यय विवरणसहितको लेखा परीक्षण प्रतिवेदन
३. लेखा परीक्षकको नियुक्ति
४. विशेष प्रस्ताव
५. विविध

**कार्यक्रम:**
मिति : २०८१/११/१७ गते, शनिबार
समय : विहान ९:०० बजे
स्थान : पल्पसा प्याराडाइज होम (पल्पसा सभाहल) हेटौंडा-२, मकवानपुर

सरोजकुमार खनाल
महासचिव
**नारायणी यातायात व्यवसायी संघ**

हेटौंडा उपमहानगरपालिका
**८ नं. वडा कार्यालय**
कमाने, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सवै वडावासीहरुमा जानकारीको लागि अनुरोध !**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

बागमती प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, नेपाल

**एच.पी. भी. खोप सम्बन्धि जनहितमा जारी संदेश !**

नेपालमा हरेक दिन चार जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर बाट मृत्यु हुन्छ भन्ने तथ्यांक छ महिलाहरुमा विभिन्न क्यान्सर मध्ये पाठेघरको क्यान्सर महिलाहरुको मृत्युको प्रमुख कारण हो तर किशोरावस्थामै पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप लगाई यो रोगबाट बचाउन सकिन्छ त्यसैले नेपाल सरकारद्वारा यहि मिति २०८१ माघ २२ गते देखि फाल्गुन ०६ गते सम्म एच.पी.भी. खोप संचालन हुँदैछ । मकवानपुर जिल्ला स्थिति १० वटै स्थानीय तह अन्तर्गत बिद्यालय लक्षित खोप केन्द्र बाट २०८१ माघ २२ गते बाट माघ २८ गतेसम्म एच.पी.भी. खोप संचालन हुदैछ । यस एच.पी.भी. खोप अभियानमा कक्षा ६ देखि कक्षा १० सम्म अध्यन गर्ने छात्राहरु र विद्यालय नजाने १० बर्ष देखि १४ बर्ष सम्मका किशोरीहरूलाइ एच.पी. भी. खोप लागाइदै छ । त्यसैले आृनो नजिकैको बिद्यालय वा तपाइको नानि अध्यन गर्ने बिद्यालयमा यो खोप कहिले संचालन हुदैछ जानकारी लिनुहोस् र आफ्नो नानीले यो खोप लिए/नलिएको सुनिस्चित हुनुहोस याद गर्नुहोस माघ २२ गते बाट माघ २८ गते सम्म एच.पी.भी. खोप लागाइदै छ । अभियानको अन्तिम दिन तपाइको नजिकको स्वास्थ्य संस्था बाट समेत यो खोप संचालन हुदैछ । यो खोप महिनाबारीको समयमा समेत लगाउन सकिन्छ अर्थात यस खोपले महिनावारीमा कुनै असर गर्दैन । एच.पी.भी. खोप अभियानको सम्बन्धमा कुनै जिज्ञासा भएमा नजिकैको बिद्यालय, स्वास्थ्य संस्था स्वास्थ्यकर्मी वा म.स्वास्थ्य सयम सेविकासँग जानकारी लिन सकिन्छ भने नि:शुल्क कल सेन्टर ११११५ बाट समेत जानकारी पाउन सकिन्छ । बिद्यालय नजाने १० बर्षदेखि १४ बर्ष सम्मका किसोरिहरु यो खोप बाट छुटन नदिन सहयोग गरिदिनुहन अनुरोध छ । खोप लगाएसंगै सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौ साथै यो एच.पी.भी. खोप आगामी आ.व. देखि नियमित रुपमा समेत संचालन हुनेछ ।

**जिल्ला खोप समन्वय समिति तथा जनस्वास्थ्य कार्यालय, मकवानपुर**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना